General permission to publish and disclose information

# जानकारी प्रकाशन र खुलासा गर्न सामान्य अनुमति

आदरणीय आमाबाबु तथा हेरचाहकर्ता,

स्कूल/शिक्षा विभागलाई अन्य विद्यार्थीहरूसँग आफ्नो अनुभवहरू साझा गर्ने, स्कूल र व्यापक समुदायलाई स्कूल र विद्यार्थी गतिविधिहरूको बारेमा जानकारी दिने र उल्लेखनीय परियोजनाहरू वा सामुदायिक सेवामा विद्यार्थीको सहभागिता रेकर्ड गर्ने उद्देश्यले तपाईंको बच्चाको बारेमा जानकारी प्रकाशित गर्न र/वा खुलासा गर्न अनुमति दिन म तपाईंको अनुमति माग्दैछु।

यस जानकारीमा तपाईंको बच्चाको नाम, उमेर, कक्षा र स्कूलमा सङ्कलन गरिएको जानकारी जस्तै तपाईंको बच्चाको फोटो, ध्वनि र दृश्य रेकर्डिङ, तपाईंको बच्चाको काम र अन्तरक्रियात्मक मिडियामा विचारको अभिव्यक्ति समावेश हुन सक्छ।

तपाईंको बच्चाको जानकारी प्रकाशन वा खुलासा गर्न सकिने सञ्चारहरूमा निम्न लगायतका छन्:

- विद्यालयको वेबसाइट, शिक्षा विभागको इन्ट्रानेट (कर्मचारीहरू मात्र), ब्लगहरू र विकीहरू (wikis) लगायत शिक्षा विभागको सार्वजनिक वेबसाइटहरू
- स्कूल न्यूजलेटर, वार्षिक स्कूल पत्रिका र स्कूल रिपोर्ट, विभागको वेबसाइटहरूमा मुद्रित तथा इलेक्ट्रोनिक रूपमा प्रकाशित प्रचार सामग्री लगायतका शिक्षा विभागका प्रकाशनहरू
- YouTube, Facebook र Twitter जस्ता नेटवर्कहरूमा आधिकारिक विभाग र स्कूल सामाजिक मिडिया खाताहरू
- स्थानीय र महानगरीय पत्रपत्रिका र पत्रिकाहरू र अन्य मिडियाहरू।

अभिभावकहरूले यो जान्नु पर्छ कि जब जानकारी सार्वजनिक वेबसाइटहरू र सामाजिक मिडिया च्यानलहरूमा प्रकाशित हुन्छ, यो धेरै वर्षसम्म मात्र नभई स्थायी रूपमा अनलाइन भेटाउन सकिन्छ। खोज इन्जिनहरूले प्रकाशित जानकारीको प्रतिलिपिहरू पनि 'क्यासे' गर्न वा राख्न सक्छन्। प्रकाशित जानकारी तेस्रो पक्षहरूद्वारा पनि लिङ्क गर्न सकिन्छ।

कृपया अनुमति फारम भर्नुहोस् र निम्न मितिसम्म स्कूलमा फिर्ता पठाउनुहोस्:

Date for return of permission form

## दोभाषे सहायता

यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने कृपया स्कूलमा फोन गर्नुहोस्।

यदि तपाईंलाई स्कूलमा सम्पर्क गर्न दोभाषे सहायता चाहिन्छ भने, कृपया 131 450 मा फोन गर्नुहोस्, अपरेटरलाई तपाईंलाई नेपाली भाषा चाहिन्छ भन्नुहोस् र उनीहरूलाई स्कूलमा फोन गर्न लगाउनुहोस्। अपरेटरले तपाईंको कुराकानीमा सहयोग गर्न लाइनमा एक दोभाषे खोजिदिनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।

भवदीय

**प्रधानाध्यापकको नाम** (Name of principal)

**विद्यालयको नाम** (Name of school)

## प्रकाशित गर्न आमाबाबु/हेरचाहकर्ता अनुमति

## Parent/carer permission to publish consent

मैले प्रकाशन गर्नको लागि यो अनुमति पढेको छु र:

(तल एउटा बाकसमा मात्र चिन्ह लगाउनुहोस् र अर्कोलाई खाली छोड्नुहोस्)

☐ म स्कूल/शिक्षा विभागलाई सार्वजनिक रूपमा पहुँचयोग्य सञ्चार सहित माथि वर्णन गरिए अनुसार मेरो बच्चाको बारेमा जानकारी प्रकाशित गर्न अनुमति दिन्छु।
I give permission to the school/Department of Education to publish information about my child as described above, including in publicly accessible communications.

☐ म स्कूल/शिक्षा विभागलाई सार्वजनिक रूपमा पहुँचयोग्य सञ्चार सहित माथि वर्णन गरिए अनुसार मेरो बच्चाको बारेमा जानकारी प्रकाशित गर्न अनुमति दिन्न।
I do not give permission to the school/Department of Education to publish information about my child as described above, including in publicly accessible communications.

मैले स्कूललाई अन्यथा जानकारी नदिएसम्म यो हस्ताक्षर गरिएको अनुमति प्रभावकारी रहन्छ।

बच्चाको नाम (कृपया लेख्नुहोस्) ______________________________
Name of child

अभिभावक/हेरचाहकर्ताको नाम (कृपया लेख्नुहोस्) ______________________________
Name of parent/carer

अभिभावक/हेरचाहकर्ताको हस्ताक्षर ______________________________
Signature of parent/carer

मिति ______________________________
Date